# झुट्ठा अभिव्यक्ति नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**ः न्यायिक काम कारबाहीमा झुट्ठा अभिव्यक्ति दिने कार्यलाई नियन्त्रण गरी न्याय सम्पादनको काम कारबाहीलाई निष्पक्ष, पारदर्शी र प्रभावकारी बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८१ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "झुट्ठा अभिव्यक्ति नियन्त्रण ऐन, २०६६" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ।

2. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम मुद्दा हेर्ने अन्य निकाय वा अधिकारी समेतलाई जनाउँछ।

(ख) "कसुर" भन्नाले दफा ३ वा ४ बमोजिमको कार्य सम्झनु पर्छ।

(ग) "न्यायाधीश" भन्नाले अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम मुद्दा हेर्ने अधिकार प्राप्त अन्य अधिकारी समेतलाई जनाउँछ।

(घ) "मुद्दा" भन्नाले अदालतमा दायर भएको मुद्दा सम्झनु पर्छ र सो शब्दले निवेदन समेतलाई जनाउँछ।

3. **झुट्ठा प्रमाण पेश गर्न वा झुट्ठा बयान वा बकपत्र गर्न गराउन नहुनेः** (१) कसैले पनि जानीजानी वा गलत मनसायले कुनै मुद्दामा झुट्ठा लिखत प्रमाण पेश गर्न, गराउन हुँदैन।

(२) कसैले पनि कुनै पुस्तक, लिखत, लेखरचना, रेकर्डिङ्ग वा तथ्याङ्कमा उल्लेख भएको तथ्य वा विवरण गलत वा झुट्ठा भएको भन्ने जानकारी हुँदाहुँदै कुनै मुद्दामा प्रमाणको रुपमा पेश गर्न, गराउन हुँदैन।

(३) कसैले पनि जानीजानी वा गलत मनसायले कुनै मुद्दामा झुट्ठा बयान वा बकपत्र गर्न, गराउन हुँदैन।

नेपाल कानून आयोग

4. **अर्काको नामबाट बयान वा बकपत्र गर्न वा म्याद बुझ्न नहुने**: (१) कसैले पनि अन्य व्यक्तिको नामबाट बयान वा बकपत्र गर्न, गराउन हुँदैन ।

(२) कसैले पनि अन्य व्यक्तिको नाममा जारी भएको म्याद, सूचना, समाव्हान वा इतलायनामा त्यस्तो व्यक्ति म नै हूँ भनी बुझ्न हुँदैन ।

5. **सजाय**: (१) देहायको कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः –

(क) दफा ३ बमोजिमको कसुर गर्नेलाई तीन वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै ।

(ख) दफा ४ बमोजिमको कसुर गर्नेलाई एक वर्षसम्म कैद वा पैतीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै ।

(२) कसैले कुनै नाबालिगलाई ललाइफकाई वा प्रलोभनमा पारी दफा ३ वा ४ बमोजिमको कसुर गर्न लगाएमा निजलाई उपदफा (१) बमोजिम हुने सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

(३) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले दफा ३ वा ४ बमोजिमको कसुर गरेमा निजलाई उपदफा (१) बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

6. **सजाय नहुने**: दफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा यस ऐन बमोजिमको सजाय हुने छैनः–

(क) वयान, वकपत्र, विवरण वा प्रमाणबाट निर्णयमा तात्विक असर नपर्ने भएमा,

(ख) वयान, वकपत्र, विवरण वा प्रमाण झुठ्ठा भएको कुरा सो विषयमा निर्णय हुनु अगावै सम्बन्धित व्यक्तिले लिखित रुपमा स्वीकार गरेमा,

(ग) कुनै व्यक्तिले कानुनी प्रश्नमा आफ्नो राय, मन्तव्य वा व्याख्या प्रकट गरेकोमा,

(घ) कुनै घटना वा विषयवस्तुको तथ्यलाई यथार्थ रुपमा अभिव्यक्त गरेको तर त्यसको व्याख्यासम्म गलत गरेकोमा ।

७. **उजुरी दिन सक्ने**: (१) कसैले कुनै मुद्दाको सम्बन्धमा यस ऐन बमोजिमको कसुर गरेमा सम्बन्धित पक्षले देहायको अदालतमा उजुरी दिन सक्नेछः–

(क) मुद्दाको फैसला नहुँदै वा पुनरावेदनको म्याद बाँकी छँदै कसुर गरेको जानकारी भएमा शुरु मुद्दा हेर्ने अदालतमा,

नेपाल कानून आयोग

(ख) पुनरावेदन परेपछि कसुर गरेको जानकारी हुन आएमा पुनरावेदन परेको अदालतमा,

(ग) पुनरावेदन परी वा नपरी फैसला अन्तिम रहेको अवस्थामा कसुर भएको जानकारी हुन आएमा अन्तिम फैसला गर्ने अदालतमा ।

८. **मुद्दाको कारबाही र किनारा**: (१) यस ऐन बमोजिम कसुर भएको सम्बन्धमा कसैले दफा ७ को खण्ड (क) बमोजिम उजुरी दिएमा वा मिसिलबाटै कसैले कसुर गरेको देखिन आएमा सम्बन्धित न्यायाधीशले सोही मुद्दाबाट छुट्टै पर्चा खडा गरी सो कसुर समेतको कारबाही र किनारा गर्नु पर्नेछ ।

तर मुद्दाको फैसला भएपछि उजुरी दिएमा र त्यस्तो फैसला उपर पुनरावेदन परेको भए अदालतले त्यस्तो उजुरी पुनरावेदन सुन्ने अदालतमा पठाउनु पर्नेछ ।

(२) यस ऐन बमोजिम कसूर भएको सम्बन्धमा कसैले दफा ७ को खण्ड (ख) बमोजिम उजुरी दिएमा वा त्यस्तो विषयमा मातहत अदालतबाट उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा वा मिसिलबाटै कसैले यस ऐन बमोजिमको कसुर गरेको देखिन आएमा पुनरावेदन सुन्ने अदालतले सोही मुद्दाबाट छुट्टै पर्चा खडा गरी सो कसुर समेतको कारबाही र किनारा गर्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम कसुर भएको सम्बन्धमा कसैले दफा ७ को खण्ड (ग) बमोजिम उजुरी दिएमा सो कसुरसँग सम्बन्धित मुद्दामा अन्तिम फैसला गर्ने अदालतले सोही मुद्दाबाट छुट्टै पर्चा खडा गरी सो कसुर समेतको कारबाही र किनारा गर्नु पर्नेछ ।

(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) बमोजिम कारबाही र किनारा गर्दा मुद्दाको अन्तिम फैसलामा तात्विक असर पर्न जाने देखिएमा सो अदालतले अन्तिम फैसलालाई आंशिक वा पूर्ण रुपमा बदर गर्न सक्नेछ ।

९. **कारबाहीको लागि लेखी पठाउनु पर्ने**: पुनरावेदन सुन्ने अदालतले कुनै मुद्दाको कारबाही र किनारा गर्दा मातहतको अदालतको कुनै न्यायाधीशले त्यस्तो मुद्दाको सन्दर्भमा यस ऐन बमोजिमको कसुर गर्ने व्यक्तिलाई कारबाही नगरेको मिसिलबाट देखिएमा सो न्यायाधीशलाई कार्यक्षमताको अभाव वा पदीय दायित्व निर्वाह नगरेको आधारमा आवश्यक कारबाही गर्न सम्बन्धित निकाय वा अख्तियारवालाकहाँ लेखी पठाउनु पर्नेछ ।

१०. **पुनरावेदन नलाग्ने**: (१) यस ऐन बमोजिमको कसुरका सम्बन्धमा अदालतले गरेको फैसला उपर पुनरावेदन लाग्ने छैन ।

नेपाल कानून आयोग

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुद्दा हेर्ने अन्य निकाय वा अधिकारीले गरेको निर्णय विरुद्ध सो निकायको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन लाग्नेछ ।

११. **कार्यविधि अपनाउने**ः यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१२. **हदम्याद**ः कुनै मुद्दामा पुनरावेदन परी वा नपरी अदालतबाट फैसला भएको मितिले दुई वर्षभित्र थाहा पाएको मितिले पैंतीस दिनभित्र उजुरी गरिसक्नुपर्नेछ ।

१३. **नियम बनाउन सक्ने**ः यो ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले सर्वोच्च अदालतको परामर्शमा आवश्यक नियम बनाउन सक्नेछ ।

१४. **खारेजी**ः मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १६९ नम्बर, १७० नम्बर र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २८ को उपदफा (२) खारेज गरिएका छन् ।

नेपाल कानून आयोग